DOI: 10.3126/dristikon.v16i1.95162

# चैतन्यबोध निबन्धसङ्ग्रहमा ईश्वरचिन्तन

**अम्बिका घिमिरे**
दर्शनाचार्य: विद्यावारिधि एमफिल शोध छात्र
नेपाली विभाग
त्रिभुवन विश्वविद्यालय केन्द्रिय विभाग, त्रिभुवन विश्वविद्यालय, नेपाल
✉: ambika.ach1@gmail.com

***Paper: Submitted: 2025-10-03, Accepted: 2026-05-15 & Published: 2026-05-29***

**लेखसार**

प्रस्तुत लेख निबन्धकार मानसाग्निद्वारा लिखित चैतन्यबोध (२०८२) निबन्ध सङ्ग्रह ईश्वरचिन्तनको खोजीमा आधारित रहेको छ। उक्त निबन्धसङ्ग्रहमा अठार निबन्धहरुको संगालो रहेको छ , यिनै निबन्धहरुमा गुणात्मक विधिद्वारा पूर्वीय दर्शनका पृष्ठभूमि वेद, ब्रह्मण र आख्यकग्रन्थहरु र पूर्वीय दर्शनका प्रस्तान्त्रयहरु उपनिषद, ब्रह्म –सुत्र र श्रीमद्भागवद्गीताका मान्यताका आधारमा ईश्वरको सगुण वा साकार र निर्गुण वा निराकार रूपको खोजी गरिएको छ। उक्त लेखका लागि पुस्तकालयीय कार्यको माध्यमबाट प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन गरेर गुणात्मक तथा निगमनात्मक पद्धति अनुसार विश्लेषण गरिएको छ। प्रस्तृत निबन्धमा ईश्वरसम्बन्धी जिज्ञासाको साकार र निराकाररुपको वर्णन निबन्धहरुका साक्ष्यका आधारमा विश्वब्रह्ममाण्डको सृष्टि गर्ने, पालन गर्ने वा नियन्त्रण गर्ने विनाश गर्ने जुन परमशक्ति छ त्यो नै ईश्वर हो र ईश्वरको साकार रूप ब्रह्ममा, बिष्णु, महेश्वर, देवी,गणेश, कुवेर, हनुमान, आदि देवीदेवताको सत्यम शिवम सुन्दरम् स्वरुप नै साकार रुप हो। परब्रह्म परमेश्वर वेदान्त दर्शनका आधारमा ब्रह्म नै ईश्वर हुन् जसको रुप निराकार, शुन्य स्वरुप निर्गुण निराकार रहेको हुन्छ भन्दै उक्त लेखमा ईश्वर चिन्तनको यिनै दुई स्वरुपको खोजी चैतन्धबोध निबन्धमा गरिएको छ।

*शब्दकुञ्जीः* अस्तित्व, ईश्वरचिन्तन, निर्गुण, परमशक्ति, ब्रह्म, सगुण

## विषयपरिचय

मानसाग्निद्वारा रचित निबन्ध चैतन्यबोध (२०८२), दर्शनलाई वस्तुपरक रूपमा तार्किक किसिमले पुष्टि गर्दै ईश्वरचिन्तनको खोजी गरिएको दार्शनिक अभिलक्षण प्रत्याभूत भएको विचारात्मक, बुद्धितत्त्वको प्रधानता प्रबल रहेको निबन्ध हो। जीवन र जगतका प्राप्ति, अप्राप्तिहरूलाई वस्तुसत्यको नजिक रहेर पूर्वीय दर्शनको मान्यता अनुसार ईश्वर, ॐ कारको, ईश्वर चिन्तनमा साकार र निराकार रूपको, भक्त र भगवान्, आत्मा र परमात्मा, जीवजगत् र वनस्पति, आस्तिक र नास्तिक, आध्यात्मवादी र भौतिकवादी, सुख र दुःखको क्षणभङ्गुरता, बुद्धत्वको बोध, सत्यम शिवम् सुन्दरमको बोध, मृत्युको बोध आदि इत्यादिका बारेमा अठारवटा निबन्धहरूको चैतन्यबोध भएको बौद्धिक र सत्यगुणको प्रतीति गराउने निबन्धसङ्ग्रह हो। यसमा कवि, कविता, गुरु, चैतन्यबोध, जाति, धर्म, निःसर्त प्रेम, पञ्चकोष, प्रार्थना, बाँसको माहात्म्य, मकै, मूर्तिपूजा, वेद, सोचको सुगन्ध, सत्यको खोजमा, स्वधर्म, उमेर र गन्तव्य, उत्सवमय जीवन गरी अठारवटा शीर्षकमा समेटिएका जीवन र जगत्को गहिराइलाई ईश्वरीय चिन्तनका

मान्यताका आधारमा मापन गर्ने सामर्थ्य रहेको छ । मानसाग्निको नामबाट सुपरिचित हरिप्रसाद पोखरेल निबन्धलगायत कवि, गीतकार, वृत्तचित्रकार, प्राकृतिक चिकित्सासम्बन्धी र दर्शनसम्बन्धी चार दर्जनभन्दा बढी पुस्तकका सर्जक हुन् । चैतन्यबोध उनको पहिलो निबन्धसङ्ग्रह हो । यस निबन्धमा अत्यन्तै गहिरो दार्शनिक र आध्यात्मिक विमर्श रहेको पाइन्छ । यस अध्ययनमा ईश्वरबारे द्वैत दृष्टिकोण–सगुण (साकार) र निर्गुण (निराकार) रूपको विश्लेषण गर्दै मानव चैतन्य वा आत्मा–परमात्मा, जीवनजगत र ईश्वरको अस्तित्वको खोजी गरेका छन् । उनले ईश्वरको रूपलाई सगुण र निर्गुर्ण दुई रूपमा विवेचना गर्दै तर्क, अनुभव, सौन्दर्यात्मक अभिव्यक्तिद्वारा आध्यात्मिक दृष्टिकोण व्यक्त गरेका छन् ।

मानसाग्निका निबन्धहरूमा कविलाई ऋषिमुनि, वेदका मन्त्र र पाणिनिका शिवसूत्रलाई बीजमन्त्रका रचनाकार माने जसलाई कविले लेखे लम् , वम् , रम् , यम्, हम् जस्ता मन्त्रहरूको आविष्कार गरे भन्दै 'कविता' निबन्धमा विश्वब्रह्माण्डको र अर्ध नारीश्वरको महाविज्ञान अनि ब्रह्मको सनातन र ईश्वरको निर्गुण र साकार रूपको चिन्तनको अभिव्यक्त गरिएको छ । 'गुरु' निबन्धमा सम्पूर्ण शास्त्रहरू सबै गुरु हुन्, जसले ज्ञान दिन्छ ती सबै गुरु हुन् भनी निबन्धको मापन गरे । विचार र चिन्तनको दार्शनिकताको उत्कृष्टता व्यक्त भएको निबन्ध हो चैतन्यबोध वेदको व्याख्या हो 'वेद' निबन्ध । 'जाति' निबन्धमा गुण र कर्मको आधारमा जाति निर्धारण गरिएको र छुवाछुतको धारणा पहिले नभएको तथ्य व्यक्त गरेका छन् । राजनीतिले गरेको समानता तासको घरजस्तै रहेको भनिएको छ 'धर्म' निबन्धामा जगत्मा नास्तिक नरहेको यदि भएको खण्डमा त्यो समाजको बलात्कारी हो भनेका छन् । 'प्रेम' निबन्धमा पवित्र घर ध्यान जोडिएको खण्डमा प्रसाद बन्ने भाव व्यक्त गरेका छन् । ऋषिलाई ब्रह्म भन्दै ईश्वर र परमेश्वरको बारेमा 'निःसर्त प्रेम' निबन्धमा चिन्तन व्यक्त गरेका छन् भने ईश्वरको रूपको चर्चा 'प्रार्थना' निबन्धमा र 'पञ्चकोष' निबन्धमा शरीर दृृश्य संसारबाट हराउने भाव व्यक्त गरेका छन् । 'बाँस' निबन्धमा बाँसको महत्त्वमा प्रकाश पार्दै अन्तिम शवयात्रादेखि जन्म र मृत्युसम्म बाँस व्यवहारमा आउने व्यावहारिक तथ्य प्रकट गरेका छन् । 'मकै' निबन्धमा समाधिका बारेमा चर्चा गरेका छन् । 'उमेर र गन्तव्य' निबन्धमा स्वर्ग र नर्कको उल्लेख गरेका छन् झने 'सत्यको खोजी' निबन्धमा शिवशक्ति महिमा व्यत्त गरेका छन् । 'सोचको सुगन्ध' निबन्धमा आत्मा र परमात्मा जान्ने विज्ञानको तथ्यलाई व्यक्त गरे ।

'मूर्तिपूजा'निबन्धमा मानिसको सबैभन्दा प्रियकार्य मूर्तिपूजा नै रहेको आशय व्यक्त गरेका छन् । 'उमेर र गन्तव्य' निबन्धमा जन्मको रहस्यलाई जान्दै परमानन्दको अनुभूति गर्दै मृत्युको रहस्यको खोज गरेका छन् । 'स्वधर्म' निबन्धमा अनादि योग–त्रियोगको महामिलन स्वधर्म हो भने । 'उत्सवमय जीवन' निबन्धमा पञ्चज्ञानेन्द्रको योग व्यवहारबाट प्रत्याहार बढ्दैगएपछि सत्य प्रकट हुन्छ, त्यसैले जीवनलाई उत्सवमय बनाउँदोरहेछ भन्ने आशय व्यक्त गरेका छन् । निबन्धकारले अठारवटै निबन्धलाई दार्शनिक, आध्यात्मिक, बौद्धिक सत्यताको कसिलो डोरीले बाँध्दै ईश्वर समाजको अनुशासनको नियम पालना गराउने न्यायिक अदालत हो, ईश्वरकै डरले मानव समाज अनुशासित, व्यवस्थित र मर्यादित बनेको हुन्छ भन्ने यथार्थलाई प्रतीति गराएका छन् ।

'चैतन्यबोध' निबन्धभित्र ईश्वरको साकार वा सगुण रूपको चिन्तन कसरी व्यक्त भएको छ साथै ईश्वरको निराकार वा निर्गुण रूपको चिन्तन कसरी भएको छ भन्ने समस्याका आधारमा यो आवधिक–पत्र तयार गरेको छ । मानसाग्निको 'चैतन्यबोध' निबन्धभित्र ईश्वरको साकार र निर्गुण रूपको अध्ययन यस आवधिक–पत्रको उद्देश्य रहनेछ । उनका निबन्धहरूमा साकार ईश्वर मानिसको अनुभूतिभित्र निबन्धका माध्यमबाट कसरी अभिव्यक्त रहेका छन् ? निराकार वा निर्गुण ईश्वर मानिसको चेतनाको गहिराइमा कसरी मौन तहहरूमा अवस्थित रहेका छन् भन्ने समस्याको अध्ययन विश्लेषण गरेको छ । निर्गुण र सगुण ईश्वरको रूपको अनुभूति गराउनुका साथै चेतनाको प्रतीकका रूपमा ईश्वरबोध हुने जनविश्वास नै मूर्ति, मन्दिर, शक्तिको प्रतीक आदिका माध्यमबाट

मानवले ईश्वरलाई बुझ्ने वा बुझाउने प्रयास नै यो लेखको उद्देश्य रहेको छ। निर्गुण ईश्वर मन्दिरमा नभई मानिसहरूको अन्तःस्करणमा रहने तथ्यलाई यस लेखले पुष्टि गरेको छ। शून्यको अनुभूति गर्ने क्षणहरूमा ईश्वरको निराकार रूपको अनुभूति हुनु नै निर्गुण वा निराकार ईश्वरको ज्ञानको विश्लेषण गरिने उद्देश्य रहेको छ। यस निबन्धमा आध्यात्मिक र दार्शनिक खोज तथा अनुसन्धान भएको पाईदैन। प्रस्तुत निबन्ध पूर्वीय वेदान्तदर्शनद्वारा प्रतिपादित ईश्वरीय चिन्तनको विषयमा आधारित भएको भए तापनि चैतन्यबोध निबन्धमा हालसम्म ईश्वरीय सगुण र निर्गुणका क्षेत्रमा कुनै अध्ययन तथा शोध नभएकाले शोधरिक्तता देखिन्छ। ईश्वरसम्बन्धी र दर्शनसम्बन्धी साङ्ख्यदर्शन, योगदर्शन र अन्य वैदिक दर्शनका आधारमा विशेष अध्ययन विश्लेषण गर्न सकिने फराकिला विषयवस्तुहरू ओगट्न सफल निबन्ध चैतन्यबोधमा मात्रै ईश्वरचिन्तनका रूपमा ईश्वरको साकाररूप र निराकाररूपको मात्रै पूर्वीय दर्शनका आधारमा चर्चा परिचर्चा तथा निबन्धका केही अंशहरू लिएर व्याख्या विश्लेषण गरिएको छ। यस अध्ययनको प्राप्ति वा औचित्य नै ईश्वरको सगुण (साकार)रूप र निर्गुण (निराकार) रूपको अनुभूतिपरक प्राज्ञिक जिज्ञासाको समाधानका लागि उपादेयतामूलक रहेको छ।

**समस्याकथन**

प्रस्तावित अध्ययनमा मानसाग्निको निबन्ध चैतन्यबोधमा ईश्वरको सगुण र निर्गुण रुपको चिन्तनको खोजी नै मुख्य समस्या रहेको छ। यस मुख्य समस्याका साथै अन्य समस्याहरू पनि दर्शनको अनुसन्धानका आधारमा अनुस्यूत भएका छन्।

(क).'चैतन्यबोध' निबन्धभित्र ईश्वरको सगुण रूपको चिन्तन के–कस्तो रहेको छ ?

(ख) ईश्वरको निर्गुण रूपको अवस्था कसरी व्यक्त भएको छ ?

(ग) ईश्वरको सगुण र निर्गुण रुपलाई किन पुजनिय मानिएको छ ?

यिनै समस्याका शोध प्रश्नहरुको समाधनार्थ निबन्धका हरेक शीर्षकबाट यस अनुसन्धानका लागि उपयुक्त साक्ष्यहरुलाई नमुना छनौट गरि ईश्वरीय तत्वको विविध आधारग्रन्थहरू का सैद्धान्तिक मान्यता अनुसार कार्यकारणवादमा आधारित भएर शोध समस्याको निराकरण गरिएको छ।

**उद्देश्य**

यस अध्ययनमा समस्याकथन निरुपणका आधारमा ईश्वरको सगुण र निर्गुण स्वरुपको विश्लेषण गरि नवीन ज्ञानको प्राप्ति नै यस अध्ययनको मुख्य उद्देश्य रहने छ। यसका साथै अन्य उद्देश्यहरू पनि अनुस्यूत भएर आएका छन्।

(क) चैतन्यबोध निबन्ध भित्र ईश्वर चिन्तनको सगुण स्वरुपको अस्तित्वको खोजी गरिएको छ।

(ख) चैतन्यबोध निबन्धमा ईश्वर चिन्तनको निर्गुण रुपको अवस्थाको विश्लेषण गरिएको छ।

(ग) ईश्वर चिन्तनको सगुण र निर्गुण रुपलाई अनुभूति गराउदै ईश्वरको मुल्यको खोजी गरि ईश्वर नै सर्वोच्चसत्ता भएकोले पुजनिय हुँने मुल्याङ्कन गरिएको छ।

यस अध्ययनबाट ईश्वरीय चिन्तन मानव जगतको कल्याणकालागि आवश्यक रहेको छ भन्ने तथ्यलाई निरुपण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ।

**सीमाङ्कन**

प्रस्तुत अध्ययन मानसाग्निको निबन्ध सङ्ग्रहमा सङ्ग्रहित अठारवटा निबन्धबाट केहि साक्ष्यहरू नमुनाका रुपमा उपास्थापना गराई तिनैको आधारमा ईश्वरचिन्तनमा सगुण र निर्गुण रुपको सतही र स्थुल पक्षबाट मात्र अध्ययन गरि निष्कर्ष निकालिएको छ। ईश्वरीय चिन्तन विषय व्यापक अनन्त रहेकोले यस लेखमा साक्ष्यहरुलाई मात्र आधार लिई यिनै दुई रुपको मात्र अध्ययन गरिएको छ। यही नै यस अध्ययनको सीमाङ्कन हुने छ।

**पूर्वकार्यको समीक्षा**

दर्शनशास्त्रमा ईश्वरिय चिन्तनको अध्ययन अनुसन्धान प्राचीनकालदेखि नै सत्यान्वेषण हुदै आएको छ। यस्ता प्रयोगहरू महर्षिहरूले ईश्वरचिन्तनका सगुण र निर्गुण रुपमा गर्दै आएका छन्। सांख्यदर्शनमा महर्षि कपिलदेवले, योग दर्शनमा महर्षि पतञ्जलीले, न्याय दर्शनमा महर्षि गौतमले, वैशेषिक दर्शनमा महर्षि कणादले, मिमांसा दर्शनमा महर्पि जैमिनीले, वेदान्त दर्शनमा महर्षि वाधारायणले ईश्वर चिन्तन सम्वन्धि गहिरो अध्ययन गरे। तथापि हाल आएर विभिन्न धर्मग्रन्थहरूमा ईश्वर चिन्तन सम्वन्धि अध्ययन अनुसन्धान भएका छन्। तिनै अध्ययन कार्यलाई पुर्व अध्ययनका रुपमा प्रस्तुत गरिएको छ।

लक्ष्मणप्रसाद गौतमले नेपाल अध्ययन जर्नल (बर्ष १ अङ्क १,२०७८)मा ब्रह्मले ईश्वरका रूपमा मायाको सानिध्य प्राप्ति गरेपछि संसारको सृष्टि हुने भन्दै ईश्वर व्यवहारिक सत्य हो भन्ने तथ्यलाई अनुसन्धानमूलक लेखबाट पुष्टि गरेका छन् साथै उनले वेदलाई मान्ने सवैदर्शनले ईश्वरको अस्तित्वलाई स्वीकार गरेको हुन्छ भन्दै साङ्ख्यदर्शनका बारेमा सोझै ईश्वर मान्दैनन् तर वेदलाई प्रमाण मान्ने हुनाले यो दर्शनपनि आस्तिक ईश्वर मान्ने दर्शन हो भनेका छन्। ईश्वरचिन्तन सम्वन्धी सैद्धान्तिक अवधारणा व्यक्त गरेका छन्।

चैतन्यबोध निबन्ध सङ्ग्रहको भूमिकामा लक्ष्मणप्राद गौतमले (२०८२,द्रष्टा,दृष्टि र दर्शन अर्थात चैतन्यबोध) भन्ने शीर्षकमा अन्तर्विषय र अन्तर्वस्तुका दुष्टिले निवन्ध सङ्ग्रहमा धेरै दार्शनिक वस्तुसत्ताका विषयवस्तु अटाएको छ भन्दै उनले द्रष्टाले नै चैतन्यबोध निबन्ध सङ्ग्रहमा आत्मागत दृष्टि दिने हो भन्दै दर्शन भनेको बाह्य जगतबाट भित्र पसेर अन्तर्जगतको सुक्ष्म निरीक्षण गर्नु हो र आफैंले आफैंलाई खोज्नु र पाउनु हो भनेका छन् तर उनले यस निबन्ध भित्र ईश्वरचिन्तनमा सगुण र निर्गुणस्वरुपको कुनै अध्ययन अनुसन्धान गरेका छैनन् त्यसैले हालसम्म कुनै शोध नभएकाले शोध रिक्तता देखिन्छ। यहि कारणले यो अध्ययनले मानसाग्निको निबन्धमा भएको ईश्वरचिन्तन सम्वन्धी सगुण र निर्गुण रुपको मान्यताको आधारमा पहिलो अनुसन्धानमुलक लेख रहने छ।

मोहन वैद्य किरणले आफ्नो पुस्तक (२०७६,हिमाली दर्शन,पृ.१५८)मा वेदान्त दर्शनको मूल विवेचनाको विषय नै सगुण र निर्गुण ईश्वरको चिन्तन हो भन्दै ब्रह्म दुई प्रकारको हुन्छ। सगुण ब्रह्ममा मायाको सानिध्यबाट उत्पन्न भएको स्वरूप सगुण ब्रह्म हो यसैलाई ईश्वरको साकाररूप भनिन्छ। यहि साकार स्वरुपले नै ईश्वरलाई सर्वज्ञ, सर्वनियन्ता, जगतकोकारण, अन्तयामी, आनन्दमयी मानेको छ। निर्गुण ब्रह्म माया रहित हुन्छ यो स्वरूप नै ईश्वरको निराकार, निरन्जन ज्योर्तिस्वरूप हो भनि उल्लेख गरेका छन्। तर चैतन्यबोध निबन्धमा ईश्वर चिन्तनको अवस्थामा कसैले हाल सम्म शोध नगरेकोले शोध रिक्तता देखिन्छ।

यादवप्रसाद शर्माले आफ्नो पुस्तक (२०८१,पूर्वीय दर्शन,पृ.३११)मा ईश्वर एकमात्र वस्तुतत्वको ज्ञाता हो ईश्वर नै द्रष्टा हो जसको अधिनमा रहेर प्रकृतिले चराचर जगतलाई उत्पन्न गर्छ त्यो नै ईश्वर हो भनेका छन्। त्यस्तै उनले फेरी भनेका छन् ईश्वरचिन्तन उपशीर्षकमा स्वामीको सापेक्ष अर्थ सर्वेश्वर ईश्वरको कल्पनागर्दै ईश्वरीय अस्तित्व स्वीकार गरेका हुन्छन् भन्दै वेद, उपनिषद, गीता,

अद्वैत वेदान्त दर्शनका आधारमा ईश्वरचिन्तनको दृष्टिकोण प्रस्तुत गरेका छन् । तर मानसाग्निको निबन्धमा ईश्वरको सगुण र निर्गुणरुपको चिन्तन हालसम्म नभएकोले शोधरिक्तता देखिन्छ यहि रिक्तताको परिपुर्तिका लागि यो अनुसन्धान औचित्यपूर्ण रहेको छ ।

नारायण गडतौलाले (संस्कृत साहित्यको इतिहास,पृ.९०–९२ सम्म) गीता दर्शन, आत्मविद्या, कर्मवाद, ज्ञानमार्ग, ब्रह्म विचार र पुनर्जन्म स्वर्ग र मोक्षका बारेमा चिन्तन गरेका छन्, साथै उनले चारै वेदका बारेमा पनि चर्चा गरेका छन् । तर चैतन्यबोध निबन्धमा ईश्वरचिन्तनको सैद्धान्तिक पक्षबाट शोध नभएकाले शोध रिक्तता देखिन्छ ।

ईश्वरचिन्तनका बारेमा धेरै अनुसन्धानमुलक लेखहरू छन् ईश्वरचिन्तनको बारेमा अध्ययन गर्ने सुदिर्घ परम्परा प्राचीनकाल देखिनै रहेको देखिन्छ । पूर्व अध्येताहरूबाट विभिन्न कृतिहरूमा अध्ययन भएका छन् ती सबै यस अध्ययनका लागि मार्गदर्शनका रुपमा रहने छन् । तर मानसाग्निको चैतन्यबोध निबन्ध सङ्ग्रह उनको पहिलो (विक्रम सम्वत २०८२ जेठ) मा मात्र प्रकाशित भएकोले यस निबन्धमा कृतिगतरुपमा ईश्वरचिन्तनका बारेमा कुनै पनि अनुसन्धान नभएकोले शोध रिक्तता देखिएकोले यो अनुसन्धानले मात्र यस शोधका शोधप्रश्नहरूको समाधान गर्ने हुदा मानसाग्निको निबन्ध सङ्ग्रह चैतन्यबोधमा ईश्वरचिन्तनको सगुण र निर्गुण रुपको खोजी गरी नवीन ज्ञानको स्थापना गरिएको छ ।

**शोधको औचित्य, महत्व र उपयोगिता**

प्रस्तुत अनुसन्धानले ज्ञानको परम्परामा नया ज्ञानको प्रतिपादन गर्ने औचित्य राखेको छ । यस लेखले ईश्वरको चिन्तन सम्वन्धी विश्लेषणकर्ताहरूलाई सैद्धान्तिक ज्ञान प्रदान गर्ने छ । यस लेखले समस्याकथन र उद्देश्यको केन्द्रियतामा रहेर र पूर्वकार्यको समीक्षाको आधारमा नवीन ज्ञानको स्थापना गर्ने छ । त्यसैले यो अध्ययन पूर्व भएका अध्ययनहरू भन्दा महत्वपूर्ण रहने छ । ईश्वरचिन्तनको सगुण र निर्गुण स्वरूपकाबारेमा यस अनुसन्धानकार्यले नवीन ज्ञानको स्थापना गर्ने हुँदा ज्ञानार्थी,विद्यार्थी, शोधार्थी, बुद्धिजीवी, समालोचकहरूलाई यो लेख महत्वपूर्ण हुने छ । त्यसैले यो लेखको उपयोगिता रहेको छ ।

मानसाग्निको ‘चैतन्यबोध’ निबन्धभित्र ईश्वरको साकार र निर्गुण रूपको अध्ययन यस शोध–पत्रको उद्देश्य रहनेछ । उनका निबन्धहरूमा साकार ईश्वर मानिसको अनुभूतिभित्र निबन्धका माध्यमबाट कसरी अभिव्यक्त रहेका छन् ? निराकार वा निर्गुण ईश्वर मानिसको चेतनाको गहिराइमा कसरी मौन तहहरूमा अवस्थित रहेका छन् भन्ने समस्याको अध्ययन विश्लेषण गरेको छ । निर्गुण र सगुण ईश्वरको रूपको अनुभूति गराउनुका साथै चेतनाको प्रतीकका रूपमा ईश्वरबोध हुने जनविश्वास नै मूर्ति, मन्दिर, शक्तिको प्रतीक आदिका माध्यमबाट मानवले ईश्वरलाई बुझ्ने वा बुझाउने प्रयास नै यो लेखको उद्देश्य रहेको छ । निर्गुण ईश्वर मन्दिरमा नभई मानिसहरूको अन्त:स्करणमा रहने तथ्यलाई यस लेखले पुष्टि गरेको छ । शून्यको अनुभूति गर्ने क्षणहरूमा ईश्वरको निराकार रूपको अनुभूति हुनु नै निर्गुण वा निराकार ईश्वरको ज्ञानको विश्लेषण गरिने उद्देश्य रहेको छ । यस निबन्धमा आध्यात्मिक र दार्शनिक खोज तथा अनुसन्धान भएको पाई‘दैन । प्रस्तुत निबन्ध पूर्वीय वेदान्तदर्शनद्वारा प्रतिपादित ईश्वरीय चिन्तनको विषयमा आधारित भएको भए तापनि चैतन्यबोध निबन्धमा हालसम्म ईश्वरीय सगुण र निर्गुणका क्षेत्रमा कुनै अध्ययन तथा शोध नभएकाले शोधरिक्तता देखिन्छ । ईश्वरसम्बन्धी र दर्शनसम्बन्धी साङ्ख्यदर्शन, योगदर्शन र अन्य वैदिक दर्शनका आधारमा विशेष अध्ययन विश्लेषण गर्न सकिने फराकिला विषयवस्तुहरू ओगट्न सफल निबन्ध चैतन्यबोधमा मात्रै ईश्वरचिन्तनका रूपमा ईश्वरको साकाररूप र निराकाररूपको मात्रै चर्चा परिचर्चा तथा निबन्धका केही अंशहरू लिएर व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनको प्राप्ति वा

औचित्य नै ईश्वरको सगुण (साकार)रूप र निर्गुण (निराकार) रूपको अनुभूतिपरक प्राज्ञिक जिज्ञासाको समाधानका लागि उपादेयतामूलक रहेको छ ।

## शोधविधि तथा सामग्री

मानसाग्निद्वारा रचित निबन्ध चैतन्यबोधमा ईश्वरसम्बन्धी सगुण र निर्गुणको खोजीमा केन्द्रित रहेर ईश्वरको चिन्तनसँग सम्बन्धित रहेका सामग्री सङ्कलन गरी सैद्धान्तिक पर्याधारमा रही सामग्री सङ्कलनका प्राथमिक र द्वितीय स्रोतहरु लिएको छ । प्राथमिक स्रोत अन्तर्गत चैतन्यबोध निबन्धलाई पुस्तकालयीय विधि अनुसार पहिलो स्रोतका रूपमा सङ्कलन गरिएको छ । मानसाग्निको निबन्धमा व्यक्त भएको ईश्वरचिन्तनसम्बन्धी अध्ययन गरिएका पुस्तकका साथै सोही विषयमा अभिव्यक्त भएका पुस्तक, ग्रन्थ, लेख, जर्नल, अध्ययनपत्रहरू, प्रकाशित अप्रकाशित शोधहरू द्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्री अध्ययन विश्लेषण विधि अनुसार गुणात्मक, अनुभाविक र निगमनात्मक विधि तथा अनुसन्धान पद्धतिको अवलम्वन गरिएको छ । षड्दर्शनका आधारमा र अन्य साहित्यिक कृतिमा प्रयोग भएका र वेदहरूका आप्तवचनका माध्यमबाट ईश्वरचिन्तनको खोजी गरी व्याख्यात्मक विधि अँगालेर परिणाम निकालिएको छ साथै सङ्कलित सामग्रीहरू यसै कृतिको अध्ययनलाई आधार बनाएर अर्थापन गर्दै सामान्यीकरण गरी अनुसन्धानको ढाँचात्मक पद्धति अनुसार तयार गरिएको छ ।

### सैद्धान्तिक आधार

ईश्वर भनेको पराबौद्धिक शक्ति, चेतना वा सत्ता हो र यसलाई सृष्टिको मूल कारण, नियन्ता र परमसत्यका रूपमा लिएको पाइन्छ । ईश्वरलाई विभिन्न दृष्टिकोणबाट प्रमाणित गरिएको छ । ईश्वरीय अस्तित्व यसप्रकार रहेको गीतामा उल्लेख गरिएको छ । परमेश्वर हरेकका हृदयमा विराजमान छ र भौतिक शक्तिबाट बनेको मेसिनजस्तो शरीरमा सवार भएका समस्त जीवात्मालाई आफ्नो मायाद्वारा घुमाइरहेछ (श्रीमद्भागवद्गीता, १८/६१) । यस श्लोकमा परमात्माको आदेशले प्रकृतिले कुनै खास जीवात्माका लागि खास शरीरको व्यवस्था गर्छ र यसका माध्यमबाट जीवले आफ्ना पूर्वजन्मको चाहनाअनुरूप काम गर्न सक्छ । कसैले पनि आफूलाई स्वतन्त्र ठान्नुहँदैन, जीवात्मा सधैं परमेश्वरको अधीनमा छ । त्यसैले भगवान्को शरणमा पर्नु नै मानिसको कर्तव्य हो भन्ने कुरा यस लेखले पुष्टि गरेको छ । यसरी यस कथनबाट ईश्वरको अस्तित्वबाट नै जीवन र जगतको सृष्टि भएको तथ्यलाई पुष्टि गरेको छ ।

ती विराट् पुरुषका एकचरणमा सबै प्राणी अटेका छन् र तीनवटा चरण दिव्यलोकमा छन् (ऋग्वेद, १०/९०/९५९) भनी ईश्वरको अस्तित्वलाई साकार रूपमा स्वीकार गर्दै यस सारा जगत्का सृष्टिकर्ता ईश्वर नै हुन् भन्दै उनै विराट् पुरुष ईश्वर व्याप्त रहेको पुष्टि ऋग्वेदले गरेको पाइन्छ । यस्तै ईश्वर व्याप्त रहनु नै ईश्वरको विशेषता हो, सबै चराचर जगत्का प्राणीहरू ईश्वरबाटै परिचालित छन् भन्ने कुरा यसबाट स्पष्ट हुन्छ । यो ईश्वर स्थिर रहँदा पनि आफ्ना गतिले अन्य गतिशीलहरूभन्दा अगाडि पुग्दछ । उसैका अनुशासनभित्र रहेर नै गतिशील वायुले जललाई धारण गरेको हुन्छ, (यजुर्वेद,४०/४) भन्दै ईश्वर सर्वव्यापक रहेको तथ्यलाई यजुर्वेदले पुष्टि गरेको पाइन्छ र यस मन्त्रमा निराकार ईश्वरतत्त्वको भाव व्यक्त गरिएको छ । पौरस्त्य दर्शनमा वैदिक षड्दर्शन आस्तिक दर्शन हुन् । षडदर्शनहरूमा योगदर्शनले ईश्वरको अस्तित्वलाई योजकको रूपमा मान्दै ईश्वरको अस्तित्वलाई स्वीकार गरेको छ । योगदर्शनले मोक्षलाई मुख्य साध्य मानेकाले त्यो मोक्ष ईश्वरीय सानिध्य हो, त्यसैले प्रत्यक्ष ईश्वरको साकार रूपलाई मानेकाले यो आस्तिक दर्शन हो । साङ्ख्यदर्शनले अप्रत्यक्ष रूपमा ईश्वरको अस्तित्वलाई स्वीकार गरेको छ भन्ने कुरा यसबाट पुष्टि हुन्छ । ‘न्यायदर्शनमा ईश्वरलाई जगत्का स्रष्टा, पालनकर्ता र संहारकर्ताका रूपमा व्याख्या गरेको छ । यस्मा ईश्वरलाई विश्वब्रह्माण्डको

निमित्त कारण मानिएको छ। ईश्वर नै सृष्टिकर्ता, पालनकर्ता, विनाशकारी र सबै शक्तिका स्रोत हुन् भनिएको छ (खतिवडा, २०८१, पृ.१३४)। वैशेषिक दर्शनमा श्रवण, मनन र निदिध्यासनबाट ईश्वरप्राप्ति हुन्छ र ईश्वरसँग साक्षात्कार गर्ने पदार्थसापेक्ष छ। वैशेषिक दर्शनले ईश्वरको साक्षात्कारलाई स्वीकार गरेको छ। मीमांसादर्शनले कर्म, उपासना, ज्ञानबाट परमार्थमा पुगिन्छ। परमार्थमा पुग्नु ईश्वरको सन्निकटमा पुग्नु हो र त्यही नै मोक्ष हो (गौतम, २०७८ पृ.९२–९८) भनेको छ। वेदान्तदर्शनले ब्रह्मलाई मानेको छ, आकाशस्वरूप ब्रह्म एउटै छ यो नै ईश्वरको निर्गुण रूप हो 'खं ब्रह्म' उल्लेख गरिएको छ। ब्रह्म अनिर्वचनीय छ, शब्दद्वारा व्याख्या गरेर ब्रह्मलाई बुझ्न सकिँदैन , जसबाट जगत्को उत्पत्ति, स्थिति र प्रलय हुन्छ त्यो नै ब्रह्म हो र 'ब्रह्म नै ईश्वरको निराकार वा निर्गुण रूप हो जुन रूप ज्योतिपुञ्ज समान सर्वव्यापक रहेको छ यही नै सच्चिदानन्द स्वरूप हो। ' शिवदेखि मायाको उत्पत्ति भयो, मायादेखि पर अव्यक्त प्रकृति उत्पन्न भइन्...यो सङ्क्षेपले गरीकन ईश्वर प्रेरित सृष्टिको वर्णन गरियो (उपाध्याय, २०२९ पृ.२) श्रीस्वस्थानीव्रत कथा)। 'यसरी स्वस्थानी व्रतकथा पुस्तकमा भगवान् शिवका प्रेरणाबाट मायाको उत्पत्ति भई उनैले प्रकृतिको उत्पत्ति गराएको सृष्टि उनै प्रेरक ईश्वरबाट भएको तथ्यको पुष्टि हुन्छ। ईश्वरको स्वरूपसम्बन्धी चिन्तन व्यक्त भएको 'चैतन्यबोध' निबन्धमा ईश्वरीय चिन्तनका दृष्टिले अध्ययन गर्न निम्न बुँदाहरू निर्धारण गरिएको छन्।

ईश्वर सत्य हो, ईश्वरद्वारा नै चराचर जगत् र जीवनको सृष्टि, स्थिति र प्रलय हुने तथ्यलाई विभिन्न दर्शन सूक्रसूत्त वेद, उपनिषद्, पुराण, विष्णुपुराण, भगवत्गीताजस्ता अनेकौं ग्रन्थहरूले पुष्टि गर्दै व्यावहारिक कोणबाट ईश्वरको साकार वा सगुण रूपको अस्तित्वलाई स्वीकार गर्दै ईश्वरका विभिन्न साकार रूपको परिचर्चा गरेको पाइन्छ। ईश्वर उपासनाको विषय हो र ईश्वरमा मायाको प्रभाव रहन्छ। ईश्वर सक्रिय छन् त्यसैले ईश्वरविनाको जगत् कल्पना पनि गर्न नसकिने हुन्छ। यसको पुष्टि स्वेट मार्डेनको लेखले गर्दछ 'प्रगति गरिरहेको व्यक्तिले यो प्रगति मेरो बलको परिणाम हो भन्ने भुल गर्छ। उसलाई त ईश्वरीय शक्तिले अगाडि बढाइरहेको हुन्छ। ईश्वरले हामीलाई उद्देश्यसहित जीवन दिएका छन् (जीवन विज्ञान स्वेट मार्डेन,पृ.२११)।' यसरी स्वेट मार्डेनको यस आशयबाट पनि ईश्वरको सगुण रूपको सत्यलाई लिन सकिन्छ। त्यस्तै ईश्वरको साकार रूपलाई कृष्ण धरावासीले आफ्नो 'राधा' उपन्यासको अंशमा 'कृष्ण प्रायःजसो पीताम्बर पहिरन्थे घुँडासम्म लत्रेको मालती माला हुन्थ्यो आँखा शरदऋतुको चन्द्रमाजस्तो शान्त र आकर्षक लाग्थे (धरावासी २०६७ पृ.१५)। धरावासीले उनको आध्यात्मिक चेतन भएको उपन्यासमा कृष्णको साकार रूपको चर्चा गरेका छन्। 'ईश्वरका अवतारहरूमा नरसिंहको युगदेखि नारकिय युगको प्राकट्य भएको देखिन्छ। यसपछिका वामन, परशुराम, राम, बलराम, कृष्णजस्ता आदर्श नायकको चरित्र आजसम्म पनि समादृत देखिन्छ (गड्तौला, २०७८ पृ. १६९)'। यो वाक्यांशले ईश्वरको साकार रूपलाई प्रष्ट पारेको छ। जसको रूप आज पनि ग्रन्थहरूमा उल्लेख गरिएको छ। वैदिक सनातनधर्म अर्थात् पूर्वीय दर्शनका क्षेत्रमा पिपललाई विष्णुको अवतार मानी पूजा गरिन्छ '(पौड्याल, २०२४ पृ.२८)'। 'ईश्वर विश्वब्रह्माण्डको सर्जक र नियन्त्रक हो। ईश्वर प्राणीको सुन्ने कानमा, हेर्ने आँखामा छन्, धड्किने मुटुको हर धड्कनमा छन्, नदेखिने कणकणमा छन् (थापा, २०२४ पृ.१०९)।' ईश्वर नै सृष्टिकर्ता, संहारकर्ता र पालनकर्ताका रूपमा छन्। ईश्वरको साकार रूपलाई सत्य, तथ्यका प्रमाणहरूले प्रमाणित गरेको छ। 'चैतन्यबोध' निबन्धले ईश्वरचिन्तन, पूर्वीय दर्शनमा आध्यात्मिक चेतनाको दृष्टि व्यक्त गरेको छ जसलाई निबन्धको भूमिका लेख्ने क्रममा लक्ष्मणप्रसाद गौतमले 'निबन्धकार मानसाग्निले उनका निबन्धहरूमा पूर्वीय दर्शनलाई सूक्ष्म र स्थूल रूपमा व्यक्त गरेका छन्, जसको साक्ष्य 'चैतन्यबोध' निबन्ध हो (गौतम, २०८२, पृ.६)।' यस वाक्यांशबाट मानसाग्नि पूर्वीय दर्शनमा अत्यधिक ज्ञान भएका व्यक्तित्व हुन् भन्ने तथ्य देखिएको छ।

मान्छेको देहभित्र आत्मा बनेर ब्रह्मका रूपमा अवस्थित रूप नै ईश्वरको निराकार रूप हो । बाह्य चर्मचक्षुले नदेखिने अन्तर्हृदयको ज्ञानचक्षुले देखिने ईश्वरको एउटै रूप नै ब्रह्महो, त्यही रूपलाई ईश्वरको निर्गुण रूप भनिन्छ । जसलाई वेदान्तदर्शनले प्रमाणित गरेको छ । ब्रह्म पारमार्थिक दृष्टिबाट सत्य, निर्गुण, निराकार रूप नै ब्रह्म हो । जसलाई 'यस्तो ब्रह्म या जीवले आफ्नो स्थान आफैंले निर्माण गर्दछ । त्यो उग्र तेजयुक्त र विस्तृत भएको देखिन्छ। जुन विस्तृत भएन त्यो देखिँदैन पनि '(लुइटेल, २०८१ पृ.६७२)' । यो यजुर्वेदको अंशले ईश्वरको निराकार रूपको अंशलाई पुष्टि गरेको छ । ईश्वरको निराकार रूपलाई देख्न सकिँदैन, जसरी आकाश शून्य हुन्छ तर सर्वत्र व्यापक छ, त्यस्तै परमात्मा परमेश्वर पनि ब्रह्मका रूपमा व्यापक छन्, उनलाई अनुभव गर्न सकिन्छ तर देख्न सकिँदैन । यसरी ईश्वर सबै प्राणीमा व्याप्त रहने सर्वव्यापी निराकार रूप हो । शाङ्कर दर्शनअनुसार 'आत्मा र ब्रह्मएक वस्तुको दुई नाम हो...आत्मा नै ब्रह्म हो, ब्रह्म नै आत्मा हो, सामवेदको महावाक्य तत्वमसि (तत् त्यो ब्रह्म, त्वम् तिमी नै, असि हौ) ले तिमी नै एक मात्र निर्गुण ईश्वर हौ भन्ने तथ्यलाई पुष्टि गरेको छ । (गिरी, २०५५, पृ.५६)' । उक्त वाक्यांशमा गिरीले ईश्वर र आत्मा एकै हुन् भन्ने तथ्यलाई पुष्टि गर्दै ईश्वरको निराकार रूपको चर्चा गरेका छन् । ईश्वरको निराकार रूपको चिन्तनलाई मानसाग्निको निबन्धसङ्ग्रह चैतन्यबोधले माथिका तथ्यअनुसार पुष्टि गरेको छ ।

## परिणाम तथा छलफल

प्रस्तुत अध्ययनमा चैतन्यबोध निबन्धमा ईश्वरको साकाररूप वा सगुण र निराकाररूप वा निर्गुण रूपको अधीनस्थ रही ईश्वरीय अस्तित्वको बारेका व्याख्या विश्लेषण गरिएको छ । यस लेखमा चैतन्यबोध निबन्ध सङ्ग्रहभित्र रहेका १८ वटा निबन्धमा व्याप्त ईश्वरीय रूपको चर्चा परिचर्चा, ईश्वरका बारेमा व्याप्त आप्त वचनहरू, ईश्वर अस्तित्वको सगुण रूप र निर्गुण रूपको स्वीकारोक्ति, ईश्वरको अनुभूति, ईश्वरको सर्वज्ञ, सर्वव्यापी, अन्तर्यामी ईश्वरका बारेमा व्यावहारिक र पारमार्थिक चिन्तन अभिव्यक्त भएको छ । सोहीअनुसार ईश्वरको साकार र निराकार रूपको चैतन्यबोध निबन्धसङ्ग्रहका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

### ईश्वरचिन्तनमा सगुणरूप

ईश्वरको साकार रूप भन्नाले ईश्वरलाई कुनै आत्मीय दृष्टिगोचरबाट आकृतिपरक रूप वा शारीरिक रूपमा विश्वास गर्नु नै ईश्वरको साकार रूप वा सगुण रूप हो । सगुण रूप ईश्वरलाई प्रत्यक्ष अनुभव गर्नु, पूजा गर्नु, मूर्ति पूजा गर्नु, मूर्तिमा ईश्वरको स्वरूपको साक्षात्कार अनुभव गर्नु, ईश्वरको रूपको ध्यान गर्नु आदि ईश्वरीय सगुण रूप हुन् । सगुण ब्र≈ममा भने गुण, चिन्ह, लक्षण तथा विशेषणहरूको सत्ता विद्यमान हुन्छ जसका माध्यमबाट सगुण ब्रह्मको स्वरूपलाई ह्दयङ्घम गर्न सकिन्छ (शर्मा, २०८१,पृ.२७३)। सगुण ईश्वरलाई गुण ,चिन्ह र विशेष लक्षणहरुबाट ईश्वरको सगुण स्वरुपलाई चिनिएको हुन्छ । ईश्वरको साकार रूप भनेको त्यो परमसत्ता हो, जसले ईश्वरको अस्तित्वका रूपमा अवतार लिई सारा जीवको कल्याण गरेको हुन्छ, ईश्वरले दशअवतार धारणले साराजगत्का प्राणीहरूको कल्याण गरेका आप्त वचनहरू वेद, उपनिषद्, पुराण, धार्मिक ग्रन्थहरूमा प्रशस्तै सुनिएको छ । ईश्वरलाई विशिष्ट रूप विष्णु, ब्रह्मा, शिव, लक्ष्मी, गणेश, राम, कृष्ण, बुद्ध, वामन, सरस्वती, दुर्गा, नृसिंह, मत्स्य, सूर्य आदि नामले पुकारिएको छ , जेजति नाम र रूप भए तापनि ईश्वर एक र व्यापक रहेका छन् भन्ने तथ्यलाई पुराण, उपनिषद्, गीता आदिहरूले स्वीकार गरेको छ । ईश्वर नै सर्वोच्च सत्ता भएकाले सृष्टि, स्थिति र प्रलयको मूल कारक तत्त्व नै ईश्वर हो भन्ने तथ्यलाई चैतन्यबोध निबन्धांशहरूका साक्ष्यहरूले यस प्रकार सगुण ईश्वरको अस्तित्वलाई पुष्टि गरेको छ । 'अर्बौं मनिस सुतिरहे पनि सूर्य एकाबिहानै उदय हुन्छ, परिखँदो रहेनछ मानसम्मान र पूजा गर्ने हुललाई (पृ.३९)।' यस पङ्क्तिबाट साकार ईश्वरको रूप प्रत्यक्ष देखिने प्रमाणित, अनुभव गर्न सकिने

ईश्वर सूर्य भगवान् हो सारा ब्रह्माण्डका अण्डज, स्वेदज, उद्भिज, जरायुजलाई पोषण प्रदान गर्ने ईश्वर रूप सूर्य भगवान् कहिल्यै विश्राम नगरी लगातार प्राणीको हितका लागि एकाबिहानै उदय हुनु, जीवहरू विश्राम गरिरहेका हुन्छन् तर ईश्वररूपी सूर्य कुनै मानसम्मानको अभिलाषा नगरी जीवको पालनपोषण गरिरहेको तथ्यलाई यो साक्ष्यले प्रमाणित गरेको छ। 'गीता साधनाद्वारा अनुभव र अनुभूति छैन भने मनमोहक गीता प्रवचन गरेर गीता र श्रीकृष्णलाई जान्ने भन्नु आफूले आफैंलाई ठग्नु रहेछ (चैतन्यबोध पृ.२५)।' प्रस्तुत निबन्धांशमा श्रीमद्भगवत्गीतामा भगवान् श्रीकृष्णलाई परमेश्वर, परमपूजनीय परमात्मा, प्रत्येक वस्तुका सारभूत, धर्मको सर्वश्रेष्ठ मार्ग र मोक्ष प्राप्ति गर्नु भनेको नै उनै एक परमेश्वर भगवान् श्रीकृष्णको शरणमा जानु नै अन्तिम सत्यको बोध हुनु हो। यही सत्यको बोध नै मोक्ष प्राप्ति भई भगवान् श्रीकृष्णको सानिध्य प्राप्ति गर्नु हो। तर 'आधा गाग्री पानी छचल्किन्छ भने झैं साधना नगरी ईश्वरको अनुभूति प्राप्ति नभए तापनि गीताका बाह्य आलङ्कारिक शब्दहरू मात्र अध्ययन गरेर सम्पूर्ण गीता ज्ञान प्राप्ति गरें भन्नु आफूले आफैंलाई ठग्नु हो भन्दै भगवान् श्रीकृष्णलाई श्रीमद्भगवत् गीतामा परमपरमेश्वरको सर्वोच्च रूप नै कृष्ण हो भनी सत्यको वास्तविकतालाई प्रमाणित गरिएको छ। उक्त निबन्धांशमा गीताज्ञान यस जगत्को सर्वोच्च ज्ञान हो, जुन ज्ञानबाट हरेक प्राणीहरूले कैवल्य गति प्राप्ति गर्न सक्छ त्यसैले स्वयं ईश्वरको वचन नै गीता भएकोले गीताज्ञानलाई र भगवान् कृष्णलाई सच्चा साधना, अनुभव, अनुभूति र ज्ञानमार्फत प्राप्ति गर भन्दै आठौं अवतार द्वापरयुगका भगवान् श्रीकृष्णलाई साकार रूपमा स्वीकार गरिएको तथ्य प्रमाणित हुन्छ। पौषपूर्णिमामा महादेव र महादेवी घरघरमा ध्यान–अन्तर्ध्यान हुन्छन्। स्वस्थानी बनेर त कतै तप, तपस्याले रङ्गीन हुन्छन्, नेपाली दिदीबहिनीहरू माघपूर्णिमा स्वस्थानीव्रत सकेर उत्सव मनाउँछन् मन मनमा प्रेम र प्रसादको फन्को मारेर '(पृ.४४)।'प्रस्तुत निबन्धांशमा श्रीस्वस्थानीमाताको साकार रूप अष्टदलमा अष्टमातृकाहरू बसेको, बिचमा चारहातमा त्रिशूल, तरवार, चित्र र कमलको फूल लिएकी, श्रीस्वस्थानी माताको चतुर्भुज, सर्वलङ्कार विभूषित स्वरूपको कल्पना गर्दै पौषशुक्ल पूर्णिमादेखि माघशुक्ल पूर्णिमासम्म एकमहिनाको व्रतले नेपाली दिदीबहिनीहरूमा रहेको चलनले त्यसबेला व्र्रत बस्ने, सफा राता कपडा लगाउने, मनदेखि माताको प्रेमसाथ प्रार्थना गर्ने कथामाहात्म्य सुन्ने, सुनाउने, प्रसादी वितरण गर्ने, साकार रूप श्री महादेवको र पार्वती माताको पूजा अर्चना गर्ने हिन्दु समाजको कर्म मीमांसादर्शनका आधारमा पुण्य प्राप्ति गर्ने र ईश्वरको साकार रूपलाई मानसाग्निको कविता निबन्धांशले ईश्वरको साकार रूपको र पुण्यकर्मको तथ्यलाई पुष्टि गरेको छ।

'इमान ईश्वर बन्यो भने, बोध बुद्ध बन्यो, हज हजरत बन्यो भने जीवन जिसस बन्यो भने प्रार्थना परमात्मा बन्दोरहेछ' (प्रार्थना पृ.१०२)। उपर्युक्त साक्ष्यबाट इमान ईश्वर हुने, बोध बुद्ध हुने, मुसलमानहरूले हज गर्नु पनि उनै ईश्वरलाई प्राप्ति गर्नु हो। जिसस क्राइष्टले बाइबलको प्रार्थनागर्नु, इस्लामले कुरानको प्रार्थना गर्नु यी सबै ईश्वरको रूपको अनुभूति गर्नु हो। संसारमा जुन मार्गबाट हिंडे पनि गन्तव्य मोक्षप्राप्ति नै भएकोले उनै एउटै ईश्वरको द्वारमा पुग्नु नै परम लक्ष्य हो भन्दै 'प्रार्थना' निबन्धमा परमात्माको साकार रूपको चिन्तन गरिएको छ।

गुरु ब्रह्मा, विष्णु र महेश। ब्रम्हा सृष्टिका नायक, बिष्णु जीवन कलाका नायक। महेश रूपान्तरणका नायक सृष्टि, स्थिति र संहारलाई चिनाउने। त्रिकलाबाट माथि उठेर स्वधर्मको जीवनशैली जिउन सिकाउने गुरु (गुरु पृ.४५)। उपर्युक्त पङ्क्ति 'गुरु' निबन्धबाट लिएको हो र यस निबन्धांशमा गुरुलाई ईश्वरको साकाररूप विष्णुका रूपमा लिएको छ। महेश वा शिवलाई संहार गर्ने, संहारपछि पुनः सृष्टिको रूप परिवर्तन हुने भन्दै रूपान्तरणका नायकका रूपमा र ब्रह्मालाई सृष्टिनायकका रूपमा प्रतीति गराउँदै तिनै ईश्वरको साकाररूप त्रिकाल भन्दा पनि माथि स्वधर्म सिकाउने जीवनको अन्धकारलाई हटाएर प्रकाश प्रदान गर्ने गुरु महान् हुन् भन्दै 'गु' भन्नाले अन्धकार हटाउने र 'रु' भन्नाले प्रकाश प्रदान गर्ने हुँदा अन्धकार हटाएर उज्यालो वा ज्ञानदिने गुरु महान् भन्दै ईश्वरको

साकार रूपमा गुरुलाई विश्लेषण गरिएको छ । यसरी हेर्दा गुरुले सृष्टि कर्ता ब्रह्मा सरह ज्ञान दिने, गुरू पालनकर्ता विष्णुजस्तै प्राप्त गरेको ज्ञानलाई रक्षा गर्ने र गुरु महेश्वरजस्तै अज्ञान नाश गर्ने हु ॅदा ईश्वरको प्रत्यक्ष साकार रूपमा गुरुलाई नै बोध गरेको छ । यो निबन्ध चैतन्यबोध निबन्धसङ्ग्रहको तेस्रो निबन्ध हो र यस निबन्धांशमा गुरु नै यस वर्तमान युगका सगुण ईश्वर समान हुन् भन्दै ईश्वरको साकार रूपको ज्ञान गराइएको छ ।

वर्ण मनोवैज्ञानिक भेद हो– ब्राह्मणको प्रज्ञा, क्षेक्रीयको शत्ति, वैश्यको व्यापार र शूद्रको साधनाले समाज सत्पथमा अघि बढ्छ '(जाति,पृ.७०)।' प्रस्तुत निबन्धांशमा वर्ण भनेको ईश्वरप्रदत्त नभएर यो वर्णव्यवस्थामा आधारित भएको जातिव्यवस्था हो, जसलाई मानिस स्वयंले छुवाछुत, उचनिच भनी सीमान्तकृत समूहको सृजना गरेका हुन् । ब्राह्मणको कार्य ज्ञानदिने, क्षक्रीयको कार्य शत्ति शासनव्यवस्था, व्यापार वैश्यको र शूद्रको कार्यसाधना भनी कार्यका आधारमा रहेको युग थियो ईश्वरको युग । त्रेता र द्वापर तर फछि आएर वर्णव्यवस्थालाई व्यक्ति, व्यत्तिबिच छुवाछुतको दिवार खडा गराएको तथ्यलाई यस अंशमा ईश्वरले नगरेको अनि वेदले पनि नगरेको पछि मानिस आफैंले यो यवस्थालाई जातीकरण गरेको तथ्यलाई चैतन्यबोधको 'जाती' निबन्धमा ईश्वरले जीव सृष्टि गरेको तर जातजाति तथा छुवाछुतको व्यवस्था नबनाएको तथ्य व्यक्त गरेका छन् ।

आमा देवीस्थान, बाबु शिवालय, छोरो बौद्धनाथ, बुहारी गणेशस्थान र छोरी जैनमन्दिर जान सक्छन् । नाति, नातिनी कविर र सुफिस्थानमा '(धर्म, पृ.७७) ।' उपर्युक्त निबन्धांश मानसाग्निको 'धर्म' निबन्धबाट लिइएको हो, यस अंशमा ईश्वरको पूजा, आराधना, ध्यान आदिका लागि देवीस्थान, शिवालय, बौद्धनाथ, गणेशस्थान, जैन, कविर, मन्दिर जहा जता गएर पनि ईश्वरको चिन्तन गर्न सकिन्छ । ईश्वरको साकार रूपको अनुभूतिबाट नै ईश्वर प्राप्ति गर्न सकिन्छ तर युगपरिवर्तनसँगै धर्मपरिवर्तन र एक सम्प्रदायका समूहले अर्को सम्प्रदायका अनुयायीहरूको विरोध गर्नुहुदैन भन्ने ज्ञान चैतन्यबोधको यस निबन्धांशले धर्मका नाममा फैलिएको आतङ्कको अन्त्य हुनुपर्ने सत्यता व्यक्तगर्दै ईश्वर रूप एउटै हो जुन बाटो गए पनि अन्त्यमा ईश्वरको सानिध्य नै हो भन्दै सबै धार्मिक साम्प्रदायले एकअर्कालाई सम्मान गर्नुपर्ने सत्य व्यक्त गरेका छन् । 'शिवदेखि गोरखनाथसम्म कृष्णदेखि पतञ्जलिसम्म कपिलदेखि अष्टावक्रसम्म सबै भन्छन् मन, साधना र सामर्थ्यको विज्ञान (पञ्चकोष, पृ.९५) ।'

प्रस्तुत निबन्धांश मानसाग्निको चैतन्यबोधको पञ्चकोष निबन्धबाट लिएको अंश हो यस अंशमा निबन्धकारले सगुणरूप ईश्वर शिव–गोरखनाथ, कृष्ण–कपिलदेव र पतञ्जली–अष्टावक्रसम्मको उल्लेख गरेका छन् । शिवको अवतारका रूपमा गोरखनाथलाई लिइन्छ र कृष्ण कपिलदेव विष्णुका कृष्ण आठौं र कपिलदेव चौबिसौं अवतार हुन् । यिनै ईश्वरको साकार रूपको वर्णन गर्दै पतञ्जलिको योगदर्शनको चर्चा गरेका छन् । साथै ऋषिहरू पतञ्जलि र अष्टावक्र ऋषिले सबैले साधना गर्नुपर्ने साधनाले नै चन्चल मनलाई बाध्ने कार्य गर्छ भन्ने ज्ञान प्रदान गरे । त्यही ज्ञानबाट विज्ञानको आविष्कार हुदोरहेछ भन्दै ईश्वरको साकार रूपको चर्चा 'पञ्चकोष' निबन्धमा गरेका छन् । यस निबन्धले ईश्वरको साधना र ध्यान, चिन्तनबाट नै ज्ञान प्रयुक्त हुन्छ भन्ने तथ्य व्यक्त गरेको छ ।

'हरियो बाँसको अर्थिमा अन्तिम बिदाइको अर्थ पनि शवलाई शिव समर्पण नै रहेछ (बाँस पृ.११८) ।' उपर्युक्त निबन्धांशमा मानिसको मृत्युपछि मीमांसा दर्शनअनुसार गरिने कर्मकाण्ड अन्तर्गत पर्ने मृत्यु संस्कारमा हरियो बाँसको अर्थि बनाई शवलाई घाटसम्म लैजाने अनि ईश्वरको साकार रूप शिवलाई समर्पण गर्ने परम्परा रही आएको व्यावहारिक र ईश्वरको पारमार्थिक स्वरूप अन्तर्गत बाँस जन्मदेखि नै व्यवहारमा आउने महत्व बाँसको माहात्म्य निबन्धमा उल्लेख गर्दै बाँसको टुप्पो सधैं ईश्वरको चिन्तनमा झुकेको हुन्छ भन्ने बुढापाकाहरूको मान्यताअनुसार जति अग्लो भए तापनि जतिनै उपयोगी भए तापनि ईश्वरको अगाडि

सधैं जीव र वनस्पतिले झुक्नु पर्दछ भन्ने सन्देश पनि बाँसले दिने हुदा दशौं निबन्ध बाँसमा मानिसलाई हरियो बाँसमा घाटसम्म ल्याई शिवलाई मोक्षका लागि समर्पण गर्ने जस्तै पशुपति आर्यघाटमा ब्रह्मनालमा राखी शिव समर्पण गरी तथ्यले ईश्वरको साकार रूपको अस्तित्वको परिकल्पना गर्दै आर्यपरम्परा अनुसार अन्त्येष्टि गर्ने प्रचलन रहिआएको छ।

'मूर्ति आकारप्रकार, रूपस्वरूप, पूजापरम्परा फरक–फरक होलान् तर यस विश्वमा मानवअस्तित्व जहिलेदेखि प्रारम्भ भयो र आज जहा" पुगेको छ, मानिसको सबैभन्दा प्रिय मूर्ति पूजा नै रहेछ '(मूर्तिपूजा पृ.१३४)।' उपर्युक्त निबन्धांशमा ईश्वरको साकार रूपको परिकल्पना गरी प्राणप्रतिष्ठा गरी विभिन्न नियमहरूको पालना गर्दै ईश्वरको साकार रूपलाई मन्दिरका मूर्तिहरूमा प्राण भर्ने कार्यपछि पूजाको लागि योग्य बनाई ठाउँअनुसारको चलन अनुसार पूजाअर्चना गरिन्छ। यो जगतमा मानिसको उत्पत्ति वा अस्तित्वदेखि नै ईश्वरको अस्तित्वको खोजी मूर्तिबाट नै गर्दै मानिसले धेरैभन्दा धेरै प्रियकार्यका रूपमा ईश्वरको साकाररूपलाई मूर्तिमा परिकल्पना गर्दै मूर्तिपूजा गर्दछन्। यस निबन्धमा 'मूर्तिपूजामा' ईश्वरको साकार रूपको चिन्तन गरिएको छ।

**ईश्वरचिन्तनमा निर्गुण रूप**

ईश्वरको निराकार रूप भन्नाले ईश्वरको ज्योतिस्वरूप कुनै पनि व्यक्त रूप नहुनु सच्चिदानन्द स्वरूप नै ईश्वरको निराकाररूप हो। निर्गुण ईश्वर भन्नाले कुनै गुण नभएको शाश्वत, सर्वज्ञ, सर्वशक्तिमान्, सबै प्राणीहरूको ह्दयमा बास गर्ने ईश्वर नै निराकार ईश्वर हो। ईश्वरको निराकार रूपलाई नै पूर्वीय दर्शनको वेदान्तदर्शनले ब्रह्म भनेको हो। वेदान्तदर्शनले ब्रह्मनै आत्मा हो र त्यो ब्रह्मनै निराकार ईश्वर हो भन्दछ। गीताको अध्याय बाह्रमा स्वयं कृष्णले 'जो निराकार, अव्यक्त परमेश्वरमा ध्यान गर्दछन् उनीहरूले मोक्ष प्राप्त गर्दछन्' भनेर उक्त वाक्यमा ईश्वरको निराकार स्वरूपको उल्लेख गरेको पाइन्छ। निराकार रूप नै ईश्वरको दिव्य चेतना हो जसलाई देख्न सकिँदैन तर अन्तर आत्माले अनुभूति गर्न सकिन्छ। 'ॐ नै शिव, विष्णु, ब्रह्मालाई उत्पन्न गर्ने सर्वोच्च शिखर हो। एकाएक ध्वनि रोकियो र मेरो मन पनि '(पृ.३२)।

प्रस्तुत निबन्धांशमा ॐ शब्दबाट नै सृष्टि भएको त्यसैले ॐ ब्रह्माण्डको पहिलो उत्पत्ति भएको ध्वनि हो र यसमा सृष्टिको सर्वोच्च शक्ति अन्तर्निहित रहेको पाइन्छ। यही ध्वनिबाट परमसत्ता ईश्वरको साकार रूप शिव प्रलयकर्ता, विष्णु पालनकर्ता र ब्रह्म नै सृष्टिकर्ताको जन्म भई सृष्टि, स्थिति र प्रलयको प्रादुर्भाव भएको भन्ने तथ्यलाई यसले पुष्टि गरेको छ। जसले ईश्वरको निराकाररूप ॐ ध्वनिबाट उत्पन्न भएकोले ॐ ध्वनिलाई सर्वोच्च शिखरका रूपमा लिएको विश्लेषण चैतन्यबोध निबन्धको 'कवि' निबन्धांशबाट प्रमाणित भएको छ। उक्त साक्ष्यका आधार ईश्वरको निराकाररूप ॐ ध्वनिबाट नै सृष्टि भएको कुरा प्रमाणित हुन्छ 'खं ब्रह्म'झैं आकाश शून्य छ, यही शून्यलाई वा आकाशलाई शब्द भनिन्छ, यही शब्द ॐ ध्वनिबाट नासदीय सूक्तमा ईश्वरको उत्पत्तिको आधार जल हो भनिएझैं जलमा भगवान् विष्णुको उत्पत्ति भयो अनि ब्रह्मा र शिवको उत्पत्ति भएको भनिएको छ। त्यसैले ईश्वरको निराकार रूपबाट नै साकार रूपको उत्पत्ति भएको थियो। (कवि, पृ.३२)। 'भक्त र भगवान्, आत्मा र परमात्मा, ईश्वर र परमेश्वर, जीवजगत् र वनस्पति, पञ्चतत्व र आकाशगङ्गा जब प्रेममा छुट्याउन नमिल्नेगरी विलय हुन्छन् त्यसैलाई ऋषि 'ब्रह्म' भन्दारहेछन् '(निःसर्त–प्रेम, पृ.८३)।'

उक्त साक्ष्यबाट ईश्वरको निराकार निर्गुणरूपमा मायाको अस्तित्वलाई व्यक्त गर्दै भक्त र भगवान्को, आत्मा र परमात्मा र परमात्माले अण्डज, स्वेद्वज, उद्भिज, जरायुजको उत्पत्ति गरे। साथै आकाश, जल, अग्नि, बायु र पृथ्वी ब्रह्ममाण्डीय सन्तुलन सबै एकैठाउ" निराकार भएर अद्वैतवाद ईश्वरको ब्रह्म रूप उत्पन्न भयो त्यो नै निराकार रूप ईश्वर हो। जुन निर्गुण रूप ईश्वरमा नै यो सारा जगत् व्याप्त रहेको छ त्यो नै माया हो। मायाले नै यो जगत्लाई चारैतिरबाट घेरेको छ मायाबाट मुक्ति पाउनु नै मोक्ष वा कैवल्य हो तर

माया यति शक्तिशाली छ कि भक्त, भगवान्देखि आत्मा, परमात्मा र जीव, वनस्पति सबैलाई आफैंमा विलय गराई प्रेमको नछुट्टिने बन्धनमा बाँधेर विलय गराएको छ भन्दै वेदान्त दर्शनमा वर्णित ब्रह्म र मायाको अस्तित्वबाट 'खं ब्रह्म' को सूत्रलाई प्रत्याभूत गरेका छन् 'निःसर्त प्रेम' निबन्धांशमा प्रेममा सर्त हुनुहुदैन भन्ने तथ्यलाई उजागर गर्दै ईश्वरको निराकार रूपको विश्लेषण गरिएको छ।

'आत्मा–परमात्मा, परमपिता ईश्वर या अन्य पवित्र शब्दसँग यात्रा गर्नुको अर्थ रहेनछ। मार्गचित्रबिना निःशब्द मौन आफूभित्र प्रवेश गर्नु अमूल्य रहेछ... सर्वव्यापक देखिन्छ त्यही त आत्मा रहेछ '(सोचको सुगन्ध, पृ.१६७)।' प्रस्तुत पङ्क्ति 'सोचको सुगन्ध' निबन्धबाट लिएको हो यसमा ईश्वर निराकारस्वरूप सर्वव्यापक रहेको आत्मा, परमात्मा, परापिता उनै ईश्वर हुन्, उनै ईश्वर शब्दमा पनि व्याप्त छन्, ईश्वर निःशब्द निर्विकार रहेका छन् चित्रमा देखाउन नसकिने आत्मा रूपमा मनभित्र प्रवेश गरेका छन्, ईश्वर नै आत्मा हुन् भनी वेदान्तदर्शनको अद्वैतवादी दर्शनले भनेझैं ईश्वर निराकार, निर्गुण र आत्मा नै ईश्वर रूप हो भनी चिन्तन गरिएको छ।

'दुःख अर्थात् अन्धकार, सुख अर्थात् प्रकाश नै सत्य हो र यो साक्षी चैतन्यद्वारा सत्य प्राप्त हुन सक्छ (सत्यको खोजमा, पृ.१७४)।'उपर्युक्त पङ्क्तिमा ईश्वरको निराकार रूपको बारेमा ईश्वरको अस्तित्वको खोज गरिएको छ। दुःख भन्नाले अन्धकार र सुख भन्नाले प्रकाश भनेको छ। दुःखको निवारण नै मोक्ष वा कैवल्य प्राप्ति हो कैवल्य प्राप्तिपछि उज्यालो पुञ्ज आत्मा प्रादुर्भाव हुन्छ त्यही नै परब्रह्म हो त्यही नै सत्यको खोज हो अनि ईश्वर प्राप्तिको मार्ग हो भनेको छ। 'मानव मस्तिस्क र शरीरको सम्पूर्ण कोषमा होस् जागेपछि मानव स्वयं अनादिसत्ता बन्दोरहेछ तब मौनको सङ्गीत निस्कन्छ। 'अहं ब्रह्मास्मि, तत्वमसि' (स्वधर्म पृ.१७९)।'प्रस्तुत पङ्क्तिमा ईश्वरको निराकाररूपको चिन्तन गरिएको छ। मानिसको मनमस्तिस्कमा आत्मरूपमा ईश्वरको बास अनादिकालदेखि नै रहेको छ जसले गर्दा मानवआत्माले 'म ब्रह्म हुँ ' भन्ने सङ्गीत गाइरहेको छ। 'तिमी नै त्यो ब्रह्म हौ भन्ने स्वर प्रकट गरिरहेको छ भन्दै यस अंशमा ईश्वरको निर्गुण रूपको अस्तित्वको विश्लेषण गरिएको छ। यस निबन्धमा 'म ब्र्रह्म हुँ र तिमी नै ब्रह्म हौ भन्दै ईश्वरको निर्गुण रुपको पुष्टि गरिएको छ। 'जहाँ जन्म र मृत्युको विलय हुन्छ त्यहीँबाट अमृत पैदा हुन्छ यही त मानिसको गन्तव्य हो जहाँ मानिस दिव्य आनन्द स्वरूपमा रहन्छ '(उमेर र गन्तव्य, पृ.१८६)।'

उपर्युक्त पङ्क्तिमा सृष्टिपछि प्रलय निश्चित नै रहन्छ जसरी जन्मपछि मृत्यु हुनु अनिवार्य नै रहेको छ। त्यो नै परमसत्य हो त्यही सत्यमा अमृततत्व रहेको अनि मानिसको गन्तव्य भनेको अमृतसमान मोक्ष हो, जुन आनन्दस्वरूप रहेको हुन्छ भन्दै ईश्वरलाई प्राप्ति गरेपछि मानिस आनन्दस्वरूप वा चैतन्यस्वरूप प्राप्ति गर्ने तथ्यलाईं यस फङ्क्तिमा व्यक्त गर्दै ईश्वरको निराकार रूप नै आनन्दस्वरूप हो भन्ने विश्लेषण गरेको छ। यस पङ्क्तिले जन्म

मृत्यु सत्य हो, मानिसले ईश्वरको चिन्तनबाट नै आनन्द वा आत्मसाक्षात्कारको सच्चिदानन्द स्वरूप प्राप्ति गर्छ भनेको छ। यो तथ्यले ईश्वरको निराकाररूपलाई नै आनन्दस्वरूप मानेको छ। 'जीवनका हरेक क्षणहरू त्यस्तै देखिँदा रहेछन् जस्तो दृष्टि छ। कुवा अनेक छन् तर पानी एउटै रहेछ। पदर्थ अनेक छन् तर उर्जा एउटै रहेछ '(उत्सवमय जीवन, पृ.१९०)।' प्रस्तुत निबन्धांशमा ईश्वर एउटै निराकार निरन्जनरूपमा व्याप्त छन् तर ईश्वर पुकार्ने बाटाहरू धैरै छन् जुन बाटो गए पनि अन्त्य उनै ब्रह्ममा लिन हुने जहाँ उज्यालो पुञ्ज रहेको हुन्छ। सृष्टि पनि त्यही पुञ्जबाट भयो र अन्तमा ब्रह्मसँग पनि त्यही पुञ्ज गएर मिलेर निराकार ईश्वरमा एकाकार हुने तथ्य यस अंशमा व्यक्त गरिएको छ। यस अंशले ईश्वरको रूप हरेक जीवमा रहेको र अन्त्यमा उनै ईश्वरसँग एकाकार हुने तथ्यलाई प्रकट गरेको छ। यसरी माथिका साक्ष्यहरूका आधारबाट ईश्वरको साकार र निराकाररूपको अस्तित्वलाई मानसाग्निको चैतन्यबोध निबन्धभित्र व्याख्याविमर्श गरिएको छ।

**निष्कर्ष**

चैतन्यबोध निबन्ध मानसाग्निको ईश्वरचिन्तनमा आधारित निबन्ध हो। यस निबन्धमा निबन्धकारले पूर्वीय षड्दर्शनहरूको गहिराइमा पुगी ईश्वरतत्वको सगुण, साकार र निर्गुण निराकार रूपको व्याख्या गर्दै, पूर्वीय सभ्यता, संस्कृतिका विभिन्न पक्षहरूको व्यावहारिक र पारमार्थिक विश्लेषण गरेका छन्। चैतन्यबोध निबन्धको दार्शनिक र आध्यात्मिक विचारधारालाई आत्मपरक, दृष्टिपरक रूपमा व्याख्या गर्दै ईश्वरलाई हेर्न भित्री दृष्टि चाहिने अनुभूतिपरक चिन्तन यस निबन्धमा रहेकोले यो निबन्धको नामले नै चैतन्यबोध हुनगएको छ अर्थात् चेतनले परमात्मा परमेश्वरलाई अनुभव गर्नु  नै चैतन्यबोध हो त्यसैले चैतन्य बोधले ईश्वरीय तत्त्वलाई अनुभूत गरेकोले यस निबन्धको नाम चैतन्यबोध भएको हो। यस चैतन्यबोध निबन्धसङ्ग्रहमा ईश्वरचिन्तनबारे कुनै न कुनै व्यावहारिक पक्षबाट सम्बन्धित रहेका निबन्धहरू छन्। निबन्धहरूका आधारबाट ईश्वरलाई सर्वोच्च सत्ता, सर्वशत्तिमान्, सर्वगुणसम्पन्न, सर्वव्यापी, सृष्टिकर्ता सम्पूर्ण जगत्का नियन्ता, जगत्का कारकतत्त्व, पालनकर्ता, संहारकर्ताका पक्षमा वर्णन गरिएको छ। साथै ईश्वरको साकार रूपमा ब्रह्मा, विष्णु, महेश्वरलाई सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा लिइँदै जगत् सत्यम् शिवम् सुन्दरम्को अलौकिक दृश्य हो भनिएको छ। ईश्वरलाई कविको कवितामा र कविता लेख्ने कविको अन्तर्हृदयमा महसुस गर्न सकिन्छ, ईश्वरको सृष्टि ॐ ध्वनिबाट निराकार रूपमा 'ज्योतिपुञ्ज' रूप हुँदै साकार रूपको परिकल्पना गरी मूर्तिपूजामा ईश्वरको प्राणप्रतिष्ठा गरी सदियौंदेखि मानिसले ईश्वरीय अस्तित्वलाई स्वीकार गरेका तथ्यहरू छन्। धर्म भनेको धारण गर्नु हो, धर्मका नाममा वर्तमान अवस्थामा भएका धार्मिक संस्थाहरूले समाजमा नकारात्मकताको सृजना गरेका छन् त्यो वैधानिक छैन। जातका नाममा भएको वर्गविभेद पनि ईश्वरले नगरेको स्वयं मानिसबाट भएका तथ्यहरू उक्त निबन्धमा रही समाजसुधारका पक्षमा पनि चर्चा गर्दै गीताबाट ज्ञानप्राप्ति हुने, स्वस्थानीव्रतमा नेपाली दिदीबहिनीहरू प्रफुल्ल भई साकार ईश्वरको प्रार्थना गर्दै ईश्वरीय चिन्तनमा लिन हुने व्यावहारिक पक्षहरू प्रसादी वितरण गर्ने र ईश्वरको चिन्तन, पूजा गर्ने घर नै मन्दिर रहने तथ्य पनि उल्लेख छ, चैतन्यबोध निबन्धमा। न्यायदर्शनले ईश्वरलाई सृष्टिकर्ता योजकको रूपमा, वैशेषिक दर्शनले आत्मा र परमाणुका रूपमा, संयोजकका रूपमा, योगदर्शनले सर्वशक्तिमान्, सर्वज्ञका रूपमा, वेदान्तदर्शनले ईश्वरलाई अद्वैतवादी निराकार ब्रह्मका रूपमा स्वीकार गरेको पाइन्छ। सृष्टिचिन्तनमा पनि सृष्टि ईश्वरको निराकाररूप शब्द ॐबाट उत्पन्न भई साकाररूप शिव, ब्र्रह्मा र विष्णुको उत्पत्ति झएको तथ्य निबन्धमा व्यक्त रहेको छ। नासदीय सूत्तमा ईश्वरको अव्यक्त निराकार रूपको चर्चा गरेको छ, पुरुषसूक्तमा सर्वव्यापी, सर्वशक्तिमान्, सहस्रशीर्ष, सहस्रपाद, सृष्टिचिन्तनलाई ठोस र साकार रूपमा ईश्वरलाई व्यक्त गरेको छ। चारै वेदमा ईश्वरको साकार र निराकाररूपको चिन्तन छ। सगुण रूपमा ईश्वरलाई सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ताका रूपमा वर्णन गरिएको छ भने निराकार रूपमा ईश्वरलाई अवर्णनीय, सर्वव्यापक, निराकार, निरञ्जन, चेतन ब्रह्मका रूपमा चिन्तन गरेको छ। यसरी ईश्वरको साकार र निराकार रूपको विश्लेषण मानसाग्निको निबन्ध चैतन्यबोध भित्र खोज गरी दुवै ईश्वरीय रूपको वर्णन गरेको छ।

## सन्दर्भसामग्री


उपाध्याय, पदमप्रसाद, (२०२९). *श्रीस्वस्थानी व्रतकथा*, वाराणसीः गोर्खा पुस्तक।

उपाध्याय, उद्धवदेव, (२०७४). *जीवनविज्ञान स्वेट मार्डेन* , काठमाण्डौंः मधुवन।

*ऋग्वेद* ,  (२०७७), (अनु), तिलकप्रसाद लुइटेल, काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार।

खतिवडा, लेखराज (२०८१). *सुलोचना महाकाव्य ईश्वर चिन्तन*,  वाङ्मय (२१, पृ.१३१–१४२।

गौतम, लक्ष्मणप्रसाद, (२०७८) . *वैदिक षड्दर्शनका प्रमुख मान्यता*,  नेपाल अध्ययन जर्नल (१/१), (पृ.७८–११३)।

गौतम, लक्ष्मणप्रसाद, (२०८२). *द्रष्टा, दृष्टि र दर्शन अर्थात् चैतन्यबोध*, चैतन्यबोध, मानसाग्नि काठमाडौंः पेज टर्नर।

गड्तौला, नारायणप्रसाद, (२०७८). *पूर्वीय मिथकको परम्परा*, नेपाल अध्ययन जर्नल (१/१ ) पृ.१५३–१८६।

गिरी, रामानन्द, (२०५५). *जनक दर्शन*, भक्तपुरः जनकशिक्षा सामग्री केन्द्र।

धरावासी, कृष्ण, (२०६७). *राधा*, काठमाण्डौः साझा प्रकाशन ।

पौडेल, एकनारायण, (२०२४) 'तरुण–तपसि काव्यमा आध्यात्मिक पर्यावरण', *वाङ्मय* vol.21,No 1: 25-36, December 2024।

पौड्याल, षडानन्द (२०७९). नेपाली आख्यानमा अमूर्त संस्कृति. काठमाडौं : प्रज्ञा प्रतिष्ठान।

मानसाग्नि, (२०८२). *चैतन्यबोध*, काठमाडौंः पेज टर्नर।

थापा, रन्जु (२०२४). *ईश्वरबिम्ब निबन्धमा ईश्वरको अनुभुतिपरक दार्शनिक चिन्तन,* प्रवासन वर्ष ७, पूर्णङ्क ११, अक्टुबर २०२४, ISSN: 2015-0383UK।

*यजुर्वेद*, (२०७८), (अनु), तिलकप्रसाद लुईटेल, काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार।

वैद्य, मोहन किरण (२०७६). हिमाली दर्शन. काठमाडौं : शमी साहित्य प्रतिष्ठान।

स्वामी, प्रभुपाद कृष्णकृपामूर्ति (२०१४). *भक्तिवेदान्त*, बुम्बईः बुक ट्रस्ट।

शर्मा, यादवप्रसाद (२०८१). *पूर्वीय दर्शन*, काठमाडौंः सुन्दर स्वदेश पब्लिकेशन्स।

*श्रीमद्भागवद्गीता*, (सन् २०१०), नारायणप्रसाद अधिकारी (सम्पा.), काठमाण्डौंः भक्तिवेदान्त बुक ट्रस्ट।